संयुक्त राष्ट्रसंघीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ती २०६४ चैत्र १७

# विराटनगर-उच्चायुक्तको कार्यालय, नेपालद्धारा विराटनगरको मस्जिदमा गराइएको विस्फोटनको भर्त्सना

विराटनगर-उच्चायुक्तको कार्यालय,नेपाल शनिबार चैत्र १६ गते मोरङ्ग जिल्ला, विराटनगर, सरौचिया स्थित मस्जिदमा गराइएको विस्फोटनको भर्त्सना गर्दछ । उच्चायुक्तको कार्यालय पीडितका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछ र दोषीलाई न्यायको कठघरामा ल्याउनका निम्ति घटनाको तत्काल छानविन गर्न प्रहरीलाई आग्रह गर्दछ ।

उक्त विस्फोटन, जसको जिम्मेवारी नेपाल डिफेन्स आर्मीले लिईएको भनिएको छ, मुसलमानहरु शनिबार राति प्रार्थनामा भएको अवस्थामा भएको थियो र सो विस्फोटनबाट दुई जनाको मृत्युहुनुका साथै केही अन्य घाइते भएका थिए ।

” उच्चायुक्तको कार्यालय शनिबार मस्जिदमा भएको विनाशकारी आक्रमणको भर्त्सना गर्दै सरकारलाई मस्जिदका साथै अन्य धार्मिक स्थलहरुको सूरक्षाका लागि सम्पूर्ण आवश्यक उपायहरु अवलम्वन गर्न आग्रह गर्दछ ” उच्चायुक्तको कार्यालय नेपाल पूर्वाचंल क्षेत्रीय कार्यालय प्रमुख, फ्रेडरिक रवस्किले भन्नुभयो ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org